छथर जोरपाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोरपाटी, धनकुटा

## फलफुल विरुवा खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७।०२।७

यस गाउँपालिका अन्तर्गतका वडाहरुमा देहाय वमोजिमका फलफूलका बिरुवाहरु आपूर्ति गर्नु पर्ने भएकोले रु. १०००।-(फिर्ता नहुने गरी) तिरी यस गाउँपालिकामा जम्मा गरेको नगदी रसिद भौचर सहित निवेदन साथ संलग्न राखी कार्यालय समय भित्र बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयबाट बोलपत्र खरिद गर्न सक्नेछ । बोलपत्र खरिद गर्नका लागि निवेदकले आ.व. ०७५/०७६ को नवीकरण गरेको दर्ता फर्म, आ.व. ०७५/०७६ कर चुक्ताको प्रमाणित कपी साथै, कालोसूची नपरेको, कानूनबाट कुनै अयोग्य नभएको पत्र लिखित घोषणा पत्र र अन्य आवश्यक कागजातहरु सहित बोलपत्र साथ संलग्न फाराम खरिद निवेदन पेश गर्नु पर्नेछ ।

१. सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म बोलपत्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ । विक्री भएको बोलपत्रहरु ३१ औं दिनको १२:०० बजे भित्र दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । प्रतिनिधिहरु उपस्थित नभएकै कारणले बोलपत्र खोल्न बाधा पर्ने छैन ।
२. बोलपत्रदाताले कवोल गरेको अंकको २.५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा खोलिएको नेपाल बङ्गलादेश बैंक, सिंधुवा शाखामा रहेको धरौटी खाता नं. ०५०००००८४१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।
३. बोलपत्र खरिद गर्दा कार्यालयको आधिकारिक व्यक्तिको दस्तखत, कार्यालयको छाप लागेको छ/छैन हेरी खरिद गर्नु पर्नेछ । दस्तखत तथा कार्यालयको आधिकारिक छाप नभएको बोलपत्र उपर कुनै मान्यता हुने छैन । प्रतिनिधिले बोलपत्र खरिद गर्न आउँदा अनिवार्य रुपमा मन्जुरिनामा पत्र लिएर आउनुपर्नेछ ।
४. बोलपत्र खरिद गर्ने, विक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खोलेको दिन सोही अनुसार हुनेछ ।
५. शिलबन्दी बोलपत्रमा कवोल गरिएको दररेट अंक र अक्षर प्रष्ट रुपमा लेखिएको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिइने छैन । केरमेट गरेको ठाउँमा दस्तखत र छाप अनिवार्य हुनु पर्नेछ अन्यथा मान्यता दिइने छैन ।
६. विरुवा ढुवानी तथा अन्य करहरु बोलपत्रवाला स्वयंले व्यहोर्नु पर्नेछ । बोलपत्रमा उल्लेख भएको फलफुलको विरुवा परिमाणमा आवश्यकता अनुसार थपघट हुन सक्नेछ ।
७. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ अनुसार एवं प्रचलित कानून अनुसार हुनेछ ।
८. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । थप कुराहरु बुझ्नु परेमा कार्यालयको सम्पर्क नम्बर ०२६-४०४१९६ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| सि.नं. | बोलपत्र नं. | आपूर्ति गर्नुपर्ने समानको विवरण | धरौटी राख्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ०६/०७६।०७७ | एबोकार्डो सुन्तला कागती जुनार समेतका बिरुवाहरु | ११५००० | |

२०७७।०२।०७
प्रमुख प्रशासकीय अधिकृत